# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**सामान्य सेवा विभाग**

## नेपाल बैंक लिमिटेड, प्र.का परिसरमा रहेका पुराना मोटरसाइकल लिलाम बिक्री गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**(प्रकाशित मिति : २०८२/०६/२८)**

यस बैंकको नाममा रहेका तपसिलमा उल्लिखित पुराना मोटरसाइकल जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा खरिद गर्न इच्छुक सङ्गठित संस्था/फर्म वा व्यक्तिले के-कति मूल्य तिरी लिने हो मूल्य खोली यस बैंकबाट उपलब्ध गराइएको दरभाउपत्र फाराम भरी बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिएको छ ।

**तपसिल**

१. पुराना मोटरसाइकल कुल न्यूनतम लिलामी (बिक्री) मूल्य रु. ३,५७,५००/- **(अक्षरुपी रुपैयाँ तीन लाख सन्ताउन्न हजार पाँच सय मात्र ।)** तोकिएकोले उल्लिखित मूल्यभन्दा घटी रकमका दरभाउपत्र स्वीकार गरिनेछैन ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् मिति २०८२।०७।११ गते मङ्गलबार कार्यालय समयभित्र यस विभागबाट दरभाउपत्र फाराम प्राप्त गरी वा यस बैंकको वेबसाइट (www.nepalbank.com.np) बाट डाउनलोड गरी भर्नुपर्नेछ । दरभाउपत्र फाराम बैंकमा पेश गर्दा दरभाउपत्र फाराम दस्तुर बापत रु. १,०००/- (पछि फिर्ता नहुने गरी) यस बैंकको काठमाडौं बैंकिङ अफिसको हिसाब नं. ००२००१०६७११२८३००००01 मा जम्मा गरेको सक्कल भौचर अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । उक्त भौचर समावेश नगरी पेश भएको दरभाउपत्र फाराम बैंकलाई मान्य हुनेछैन ।

३. दरभाउपत्र पेश गर्दा खाम बाहिर सिलबन्दी दरभाउपत्र भनी उल्लेख गर्नुपर्नेछ ।

४. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नं. (प्यान नं.)/VAT प्रमाणपत्र तथा आ.व. २०८०।८१ सम्मको कर चुक्ता/दाखिला प्रमाणको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिन अर्थात् मिति २०८२।०७।१२ गते बुधबार बिहान ११:३० बजेसम्म दर्ता भएका दरभाउपत्र सोही दिनको १२:३० बजे दरभाउपत्र दाताहरू वा निजका प्रतिनिधिहरूको रोहबरमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा खोलिनेछ । दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा परी कार्यालय बन्द रहेमा सोको भोलिपल्ट सोही समयमा खोलिनेछ ।

६. दरभाउपत्रसाथ आफूले कबोल गरेको रकमको २.५० (दुई दशमलव पाँच शून्य) प्रतिशतले हुने बराबरको रकम यस बैंकको काठमाडौं बैंकिङ अफिस, प्र.का. हिसाब नं. ००२००१०६७११२८००००००१ मा नगदै जम्मा वा कम्तीमा ३ महिनाको म्याद भएको 'क' वर्गको अन्य वाणिज्य बैंक (नेपाल बैंक बाहेक)को बिडबन्ड धरौटी बापत पेस गर्नुपर्नेछ ।

७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण दरभाउपत्र दातालाई दिइनेछैन ।

८. पुराना मोटरसाइकलहरू हेर्न चाहनेले यस विभागमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ । दरभाउपत्र स्वीकृत भएको जानकारी दिएको १५ दिनभित्र आफूले कबुल गरेको सम्पूर्ण रकम जम्मा गरी एकमुष्ट रूपमा पुराना मालसामान लिएर जानुपर्नेछ । उल्लिखित समयभित्र बाँकी रकम जम्मा गरी सामान नलगेमा धरौटी बापतको रकम जफत हुनेछ ।

९. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अङ्कित भएको वा शर्तहरू राखी पेश भएको दरभाउपत्रहरू उपर कुनै कारबाही हुनेछैन । दरभाउपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरू स्पष्ट रूपमा केरमेट नगरी लेख्नुपर्नेछ । कबोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०. बिना धरौटी वा कम धरौटी वा नियम विपरीत भई प्राप्त हुन आएका दरभाउपत्रहरू स्वतः रद्द हुनेछ । दरभाउपत्र दर्ता भएपछि फिर्ता हुनेछैन । दरभाउपत्र सम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

११. सिलबन्दी दरभाउपत्र पेश गर्दा उल्लिखित मोटरसाइकलहरूको एकमुष्ट सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको सम्पूर्ण दरभाउपत्र फाराम (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नुपर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पानाको अन्त्यमा दरभाउपत्र दाताले अनिवार्य रूपमा दस्तखत गरी कम्पनी/फर्म/संस्थाको हकमा छाप समेत लगाएको हुनुपर्नेछ ।

**तपसिल**

| लिलाम हुने मालसामानको विवरण | न्यूनतम मूल्य भ्याट सहित (रु.) |
|---|---|
| पुराना मोटरसाइकल २४ थान | रु.३,५७,५००/- (अक्षरुपी रुपैयाँ तीन लाख सन्ताउन्न हजार पाँच सय मात्र) |